# कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८०

मननीय मन्त्रिस्तरवाट स्वीकृत मितिः २०८०/६/२

**प्रस्तावनाः** कृषि तथा पशुपन्छी क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक र गैर प्राकृतिक विपद्‌बाट नकरात्मक असर पुगेको कृषि पेशालाई पुर्नस्थापना गर्न पिडित कृषक परिवारलाई राहत उपलब्ध कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले विनियोजन ऐन २०८० को दफा ९ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि", २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले राहत रकम प्राप्त गर्न निवेदन पेश गर्ने कृषक, कृषक समुह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्म सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको आपतकालिन/आकस्मिक रोग/क्षति न्यूनिकरण कार्यक्रम सम्झनु पर्छ ।

(ग) **कार्यालय"** भन्नाले मन्त्रालय मातहतको कृषि उपक्षेत्रको हकमा कृषि ज्ञान केन्द्र र पशुपन्छी उपक्षेत्रको हकमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"कृषि क्षेत्र"** भन्नाले बाली, बागवानी, पशुपन्छी, माछा जस्ता कृषिका सबै उप-क्षेत्रसँग सम्वद्ध उत्पादन, उद्योग एवम व्यवसायलाई सम्झनु पर्छ ।

(ङ) **"कृषि उपक्षेत्र"** भन्नाले खेत, बारी बैंगचा र फर्ममा रहेका खडा बाली बस्तु विशेष र कृषि पूर्वाधारमा उत्पादन देखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनु पर्छ ।

(च) **"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लु, अफ्रिकन स्वाइन फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, रसायन वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचना क्षति तथा विपद् व्यवस्थापन कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्‌बाट कृषि क्षेत्रमा परेको विपद् सम्झनु पर्छ ।

(छ) **"राहत"** भन्नाले प्रदेश सरकारले कृषि क्षेत्रमा परेको विपद् प्रभावित परिवारलाई उपलब्ध गराईने नगद तथा जिन्सी लगायतका सेवा सुविधा सम्झनु पर्छ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ज) **"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद्लाई सम्झनु पर्छ ।

(झ) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भुस्खलन, डुबान, कटान, पटान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, हुस्सु, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, बालीनालीमा हुने रोग, डढेलो लगायत अन्य प्राकृतिक विपद्बाट कृषि तथा पशुपन्छी क्षेत्रमा परेको जुनसुकै विपद् सम्झनु पर्छ ।

(ञ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ठ) **"निर्देशनालय"** भन्नाले कृषि उपक्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी उपक्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ड) **"विपद् व्यवस्थापन"** भन्नाले कृषि क्षेत्रमा विपद् जोखिम न्युनीकरण, विपद् पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरु सम्झनु पर्छ ।

(ढ) **"पशुपन्छी उपक्षेत्र"** भन्नाले पशुपन्छीपालन, मत्स्यपालन र सम्बन्धित पूर्वाधारमा उत्पादन देखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. राहत व्यवस्थापन तथा निर्देशन समितिः (१) मन्त्रालयस्तरमा देहाय बमोजिमको "राहत व्यवस्थापन तथा निर्देशन समिति" रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | माननीय मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) | अधिकृत | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (च) | अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (छ) | प्रमुख | कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख | पशुपंक्षी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (झ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा,मन्त्रालय | सदस्य सचिव |

(२) राहत व्यवस्थापन तथा निर्देशन समितिले आवश्यकता ठानेमा बढीमा २ जना सम्म कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) राहत व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(क) आपतकालिन तथा आकस्मिक क्षति न्युनिकरण कार्यक्रममा राहत रकमको सीमा तोक्ने,

(ख) अध्ययन तथा निरिक्षण समितिले सिफारीस सहित पेश गरेको राहत रकम स्वीकृत गर्ने,

(ग) खण्ड ख बमोजिम अध्ययन तथा निरिक्षण समितिले पेश गरेको कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा प्राविधिक टोलि गठन गरी फिल्ड प्रमाणिकरण कार्य पुनः गराउन सक्नेछ ।

४. <u>राहत व्यवस्थापन सिफारीस समिति</u>ः (१) राहत सिफारीस गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको "राहत व्यवस्थापन सिफारिस समिति" रहनेछः-

| | |
|---|---|
| क. प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| ख. प्रमुख/प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| ग. प्रमुख/प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| घ. जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | -सदस्य |
| ङ. प्रमुख, कार्यालय | - सदस्य सचिव |

(२) राहत सिफारिस समितिले आवश्यकता ठानेमा बढीमा २ जना सम्म कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) राहत व्यवस्थापन सिफारीस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क. जिल्लास्तरवाट कार्यालयमा राहतको लागि पेश हुन आएका निवेदनहरुको चेकजाच गरी मापदण्ड बमोजिम राहत रकम सहित राहतको लागि मन्त्रालयमा सिफारीस गर्ने,

ख. अयोग्य तथा कागजात अपुग भएका निवेदन अस्वीकृत गर्ने,

ग. पेश भएका निवेदन उपर कुनै शंका लागेमा प्राविधिक टोलि गठन गरी फिल्ड प्रमाणिकरण गराउन सक्नेछ ।

(४) एक भन्दा बढी जिल्ला कार्यक्षेत्र भएका कार्यालयको हकमा जुन जिल्लामा क्षति पुगेको हो, सोही जिल्लामा गठित राहत व्यवस्थापन सिफारीस समितिको सिफारीस पेश गर्नुपर्नेछ ।

५. <u>अध्ययन तथा निरिक्षण समिति</u>ः राहतको लागि पेश हुन आएका निवेदनहरु संकलन, प्रमाण परिक्षण, आवश्यकता बमोजिम अनुगमन तथा निरिक्षण तथा कागजपत्र चेकजाच गरी राहत रकम सिफारीस गर्न मन्त्रालयमा देहाय बमोजिम एक अध्ययन तथा निरिक्षण समिति रहनेछः

क. प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -संयोजक



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ख. अधिकृत, कृषि विकास महाशाखा, मन्त्रालय -सदस्य
ग. अधिकृत, पशुपन्छी विकास महाशाखा, मन्त्रालय -सदस्य
घ. लेखा अधिकृत, मन्त्रालय -सदस्य
ङ. कानुन अधिकृत, मन्त्रालय -सदस्य
च. अधिकृत प्रतिनिधि, प्रशासन शाखा, मन्त्रालय -सदस्य
छ. अधिकृत, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य सचिव

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. निवेदन माग गर्नेः मन्त्रालयले कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण गर्न अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

७. निवेदन दर्ताः विपदवाट क्षति पुगेका कृषकहरुले कृषि उपक्षेत्रको हकमा सम्बन्धित कृषि ज्ञान केन्द्र र पशुपन्छी उपक्षेत्रको हकमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।

८. राहत व्यवस्थापन सिफारीस समितिमा पेश गर्नुपर्नेः दर्ता हुन आएका निवेदनहरुको आवश्यक कागजात चेकजाच गरी सम्बन्धित कार्यालयले राहत व्यवस्थापन सिफारीस समितिमा पेश गर्नुपर्नेछ ।

९. मन्त्रालयमा पेश गनुपर्नेः सम्बन्धित कार्यालयले कार्यालयको सिफारीस र राहत व्यवस्थापन सिफारीस समितिको सिफारीस सहित संकलन भएका निवेदनलाई मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## विपद्बाट हुने क्षतिको किसिम र राहत प्रदान गर्ने आधार

१०. राहत प्रदान गर्ने आधारभूत मान्यताः (१) सम्बन्धित स्थानीय तह अनुसार विपद् पिडितलाई क्षतिका आधारमा सिमा रकम तोकी राहत रकम उपलब्ध गराईनेछ ।

(२) मौसम अनुसार समयमै खेती/पालन व्यवसाय संचालन हुन नसकेको अवस्थामा कार्यक्रम गर्न बीउ/बेर्ना/नक्ष्ल तथा मल वा दाना खरिद गर्न पिडित कृषकलाई राहत उपलब्ध गराईनेछ ।

११. आपतकालिन तथा आकस्मिक क्षतिको किसिमः (१) आपतकालिन अवस्थामा भएको देहाय बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गरिनेछः

(क) कृषि बाली बस्तु विशेष क्षेत्रको हकमा विपदवाट पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा,

Anup Adhikari



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ख) पशुपन्छी क्षेत्रको हकमा विपद्को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा मर्न गई व्यवसायमा क्षति भएमा,

(ग) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा र

(घ) बालीबस्तु विशेष, पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा।

१२. <u>राहत अनुदान सहयोग रकम उपलब्ध गराउने आधारः</u> (१) आपतकालिन अवस्थाबाट भएको देहाय बमोजिमको क्षतिलाई आधार मानी राहत सहयोग प्रदान गरिनेछ ।

(क) कृषि बालीवस्तु विशेष क्षेत्रको हकमा उत्पादन देखि बजारीकरणको अवस्थासम्म पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा उत्पादन लागत अनुमानको आधारमा मात्र,

(ख) पशुपन्छी उपक्षेत्रको हकमा विपद्को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा क्षति भई व्यवसायमा क्षति भएमा लाग्ने लागत अनुमानको आधारमा मात्र,

(ग) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा लाग्ने लागतको आधारमा मात्र र,

(घ) वाली वस्तु विशेष, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा लाग्ने लागतको प्रतिशतको आधारमा मात्र,

(ङ) सम्बन्धित स्थानीय तह/कार्यालयवाट अनुसूची-२ बमोजिम अनुमानित लागत तयार पारी प्रमाणित गराई पेश गर्नुपर्ने ।

(२) यस कार्यविधिको दफा ११ उपदफा १ को खण्ड क, ख, ग र घ को आधारमा लागत अनुमान अधिकतम सिमा रकम भन्दा बढी भएको खण्डमा कार्यविधिमा तोकीएको अधिकतम सीमाभित्रको रकम मात्र उपलब्ध गराईनेछ ।

(३) आकस्मिक तथा आपतकालिन अवस्थामा भएको देहायका बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गराईने छैनः

(क) कृषिको कुनै पनि उपक्षेत्रमा तत्काल आंशिक वा पूर्ण भौतिक क्षति भई उत्पादनका प्रतिकूल असर नपर्ने प्रमाणित भएमा,

(ख) कृषिको कुनै पनि उपक्षेत्र बाहेक अन्य क्षेत्र जस्तै वन पैदावार, जडीबुटी र जङ्गली जनावर आदिमा हुने क्षति,

(ग) मानव सृजित विषादी सेवन/मिसावटबाट क्षति भएमा,

(घ) बर्ड फ्लु रोग लागेर पन्छीको क्षति भएमा,

(४) विमा गरिएको हकमा राहत रकम उपलब्ध गराईने छैन ।

## परिच्छेद -५

## <u>राहत रकम सञ्चालन व्यवस्था र खर्च प्रक्रिया</u>



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१३. <u>राहत सहयोग रकम उपलब्ध गराउने:</u> (१) प्रकोपबाट कृषि तथा पशुपन्छी क्षेत्र तथा उपक्षेत्रमा क्षति भएको पाईएमा देहाय बमोजिमको राहत रकम प्रदान गरिने छ । पिडित कृषकले अनुसूची-३ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

| क.स | क्षेत्र वा उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| २. | क) तरकारी बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार प्रति हेक्टर |
| | ख) तरकारी विरुवा/बेर्ना | पूर्ण रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु. दुई प्रति विरुवा |
| ३. | क) फलफूल बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक लाख प्रति हेक्टर |
| | ख) फलफुल विरुवा/बेर्ना | पूर्ण रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु. पचास प्रति विरुवा |
| ४. | च्याउ खेती | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति टनेल |
| ५. | क) मौरीपालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोला |
| | ख) मौरी घार | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति घार |
| ६. | रेशम पालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| ७. | संरक्षित संरचना/टनेल | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु. एक सय चालिस प्रति वर्ग मिटर |
| ८. | गाई, भैंसी, घोडा, खच्चड | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बीस हजार प्रति गोटा |
| ९. | क) वयस्क बंगुर/माउ बंगुर/भाले बंगुर (१ वर्ष माथि) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| | ख) ३ महिनासम्मको बंगुरको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | ग) ३ देखि ६ महिनासम्म बंगुरको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | घ) ६ महिना देखि १ वर्षसम्म बंगुरको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु छ हजार प्रति गोटा |
| १०. | पाडा, पाडी र बाच्छा, बाच्छी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | एक वर्षमुनी रु पाँच हजार सम्म एक वर्ष माथि रु दश हजार प्रति संख्या |
| ११. | क) वयस्क भेडा र बाख्रा( १ वर्ष माथि) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति संख्या |
| | ख) ३ महिना सम्मको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोटा |
| | ग) ३ देखि ६ महिना सम्मको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दुई हजार प्रति गोटा |
| | घ) ६ महिनादेखि १ वर्षसम्मको पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु चार हजार प्रति गोटा |
| १२. | श्रम गर्ने पशु (२ वर्ष माथिका वयस्क पशु मात्र) | मरेमा वा अपाङ्ग भएमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| १३. | क) माछा भुरा (१ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु एक प्रति गोटा |
| | ख) माछा भुरा (१ देखि ३ महिना सम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |
| | ग) खाने माछा (३ महिना माथि) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पचास प्रति के.जि |
| | घ) माछापोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफलको आधारमा | रु एक लाख प्रति हेक्टर |
| १४. | लोकल कुखुरा/ गिरीराज | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय पचास प्रतिगोटा |
| १५. | लेयर्स | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय प्रति गोटा |
| १६. | ब्रोईलर | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| १७. | अष्ट्रिच | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु तीन हजार प्रति गोटा |
| १८. | पशु गोठ | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १०० |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| १९. | बाख्रा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १०० |
| २०. | कुखुरा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति स्क्वायर फिट बढीमा रु ५० |
| २१. | अन्य पूर्वाधार तथा उत्पादन सामग्री | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार सम्म |
| २२ | अन्य कृषि तथा पशुपन्छी | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | समितिले तय गर्ने |

(२) सम्बन्धित जिल्लाको सरकारी दररेट अनुसार लागत रकम तय गरिनेछ ।

(३) प्रहरीको घटनास्थलको मुचुल्का र स्थलगत अनुमानका आधारमा क्षति भएको क्षेत्रफल र संख्यालाई आधार मानिनेछ ।

(४) कृषि तथा पशुपन्छी क्षेत्र वा उपक्षेत्रमा अधिकतम सिमाभन्दा बढी रकम उपलब्ध गराईने छैन ।

(५) एकल व्यक्तिगत फर्मलाई रु. १० लाख भन्दा बढी राहत उपलब्ध गराईने छैन।

(६) राहत रकम प्रकोपबाट कृषि क्षेत्रमा क्षति पुगेको सम्बन्धित संस्था, फर्म, कृषकलाई मात्र राहत रकम उपलब्ध गराईनेछ ।

(७) विपदवाट क्षति पुगेमा कृषकले तुरुन्त नजिकको प्रहरी कार्यालय र सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु पर्नेछ।

(८) आवश्यक परेमा मन्त्रालयले प्राविधिक टोली बनाई स्थानीय तहको सहयोगमा निरीक्षणको लागि प्रभावित क्षेत्रमा पुगी आवश्यक जानकारी लिनेछ । यसरी खटिएको प्राविधिक टोलीलाई सहयोग गर्नुपर्ने आवेदकको जिम्मेवारी हुनेछ ।

(९) आर्थिक वर्ष २०७९/८० मा मन्त्रालय तथा कार्यालयहरुमा दर्ता भई प्रक्रियामा रहेक राहत मागका निवेदनहरु उपर यसै कार्यक्रमवाट भुक्तानी गरिनेछ ।

१४. <u>भुक्तानी विधिः</u> (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहत सहयोग रकम देहाय अनुसार भुक्तानी गरिनेछ ।

(क) भुक्तानीको लागि आवश्यक कागजातहरु पेश भएपछि मन्त्रालयबाट स्वीकृत पश्चात स्वीकृत रकम सम्बन्धित निवेदकको बैंक खातामा पठाइनेछ ।

(ख) संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत अनुदान रकम प्राप्त व्यक्ति वा फर्मलाई दोहोरो पर्ने गरी राहत रकम उपलब्ध गराइने छैन ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ग) राहत रकम भुक्तानी हुनुपूर्व सम्बन्धित निवेदकले संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत रकम नलिएको प्रतिवद्धता लिई तत पश्चात मात्र भुक्तानी गरिनेछ ।

(घ) खण्ड (क) बमोजिम रकम भुक्तानी प्रक्रियाको क्रममा वा भुक्ती भइसकेपछि झुठा ठहरिएमा रकम रोक्का राखिने वा सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

(२) गत आर्थिक वर्षमा समेत लागू भई राहत पाएका आवेदकलाई यस आर्थिक वर्षमा कुनै किसिमको राहत प्रदान गरिने छैन ।

## परिच्छेद- ६
## विविध

१५. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रमसगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१६. **अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालय, निर्देशनालय, केन्द्रले आवश्यकता अनुसार कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । स्थानीय तहले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

१७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रक्रिया बाहेकका विषयहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

१८. **संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१९. **सरकारी बाँकी सरह असुल उपर हुने:** कसैले कार्यविधि बमोजिम राहत रकम भुक्तानी भइसकेपछि झुठा ठहरिएमा बैंकमा पत्र लेखी रकम रोक्का राखिने वा राहत रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची-१

### (दफा ६ सँग सम्बन्धित)

### कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/ /

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आपतकालिन/आकस्मिक रोग/क्षति न्यूनिकरण कार्यक्रम अन्तर्गत कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८० बमोजिम राहत प्रदान गर्न इच्छुक कृषकहरुवाट तपसिल बमोजिमका कागजातहरु सहित मन्त्रालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-३ अनुसारको सम्बन्धित कृषकको आवेदन,
२. विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरीको घटनास्थल मुचुल्काको सक्कल वा प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रतिलिपि,
४. क्षतिको मूल्याङ्कन हुने कृषि प्राविधिकको प्रमाणित प्रतिवेदन (निवेदन दिदाको बखत),
५. पीडित कृषक/संस्थाको बैंक खाता नम्बर प्रष्ट देखिने चेकको फोटोकपी,
६. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपी,
७. कृषक/संस्थाको प्यान/भ्याट नम्बर,
८. सम्बन्धित स्थानीय तहको सिफारिस,
९. कार्यालयको सिफारिस,
१०. राहत व्यवस्थापन समितिको सिफारिस,
११. क्षति देखिने फोटो/ दृष्य/ बृत्तचित्र,
१२. विमा गरेको वा नगरेको स्थानीय तहको सिफारीस,
१३. अन्य निकायवाट राहत नलिएको स्थानीय तहको सिफारीस,
१४. विमा गरे नगरेको र राहत नलिएको स्वघोषणा,
१५. अन्य आवश्यक कागजातहरु ।

पुनश्चः कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८० कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-२

(दफा १२ को उपदफा १ बमोजिम)

**अनुमानित लागत विवरणको ढाँचा**

पीडित कृषकको नामः ठेगानाः

क्षेत्र/उपक्षेत्रः लगाएको क्षेत्रफल वा संख्याः

क्षतिको कारणः क्षतिको अवस्थाः

क्षति अवधिसम्म लागत रकमः

| क्र.सं | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | उत्पादन सामाग्री खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. | मेशिनरी औजार खरिद गरेको रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग. | पूर्वाधार निर्माण खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कूल जम्मा | | | | | |

........................ ..................... ................

तयार गर्नेको सहि सिफारिस गर्नेको सहि प्रमाणित गर्नेको सहि



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा १३ को उपदफा १ बमोजिम)

**निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुखज्यू,

......,

विषयः राहत रकम सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा................................. विपद्ले मेरो खेत/ बारी/ बगैचा/ फर्ममा ..........................क्षेत्रफलमा रहेको ............................ बाली/पशुपन्छी/माछा/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट भइ रु ......................... बराबरको अनुमानित रकम क्षति भएकोले दैवि प्रकोप उद्धार सहयोग कार्यक्रमबाट मेरो परिवारलाई प्रदेश सरकारको तर्फबाट आवश्यक राहत रकम उपलब्ध गराउन तपशील अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरीको घटनास्थल मुचुल्काको सक्कल वा प्रमाणित प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. क्षतिको मूल्याङ्कन हुने कृषि प्राविधिकको प्रमाणित प्रतिवेदन (निवेदन दिदाको बखत),
४. पीडित कृषक/संस्थाको बैंक खाता नम्बर प्रष्ट देखिने चेकको फोटोकपी,
५. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपी,
६. कृषक/संस्थाको प्यान/भ्याट नम्बर,
७. सम्बन्धित स्थानीय तहको सिफारिस,
८. कार्यालयको सिफारिस,
९. राहत व्यवस्थापन समितिको सिफारिस,
१०. क्षति देखिने फोटो/ दृष्य/ बृत्तचित्र,
११. विमा गरेको वा नगरेको स्थानीय तहको सिफारीस,
१२. अन्य निकायवाट राहत नलिएको स्थानीय तहको सिफारीस,
१३. विमा गरे नगरेको र राहत नलिएको स्वघोषणा,
१४. अन्य आवश्यक कागजातहरु ।

नामः

हस्ताक्षरः

ठेगानाः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री